श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषय : नेपालको संविधान २०७२ को धारा १३३ (२) र (३) बमोजिम उत्प्रेषणलगायत जो चाहिने आदेश जारी गरी पाउँ ।

प्यूठान जिल्ला, झिमरुक गाउँपालिका वडा नं. १ घर भई हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ नगरपालिका वडा नं. ४ बस्ने अधिवक्ता विमलप्रसाद पोखरेल.................................................................................१

रिट निवेदक

विरुद्ध

बागमती प्रदेश सरकार, श्रम रोजगार तथा यातायात मन्त्रालय, हेटौंडा, नेपाल ..........................................१

मधेस प्रदेश सरकार, श्रम रोजगार तथा यातायात मन्त्रालय, जनकपुर, नेपाल ........................................१

कर्णाली प्रदेश सरकार, श्रम रोजगार तथा यातायात मन्त्रालय, सुर्खेत, नेपाल........................................१

यातायात व्यवस्था विभाग, मीन भवन, काठमाडौं, नेपाल.....................................................................१

यातायात व्यवस्था कार्यालय, एकान्तकुना, ललितपुर, नेपाल................................................................१

विपक्षी/प्रत्यर्थी

मुद्दा : उत्प्रेषणयुक्त परमादेशसमेत

म रिट निवेदक नेपालको संविधान २०७२ को धारा १३३ (२) र (३), सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ वमोजिम लाग्ने दस्तुर रु. ५००/- यसै रिट निवेदनसाथ संलग्न गरी नेपालको संविधान २०७२ को धारा १८, ५७, सवारी तथा यातायात व्यवस्था ऐन २०४७ को दफा ४८, ४९, ५०, ५५ तथा सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका २०७७ को दफा ४, ५, ६, ७, ९, १०, ११ र १३ समेतका आधारमा सवारी चालक अनुमतिपत्र प्राप्त गर्नुपर्ने भएको हुनाले आफ्नै तथा सवारी चालक अनुमतिपत्र प्राप्त गर्न चाहने योग्यता पुगेका नागरिकको हकमा निम्न व्यहोराको रिट निवेदन लिई सम्मानित सर्वोच्च अदालतमा उपस्थित भएको छु ।

१. म रिट निवेदक अधिवक्ता तथा जिम्मेवार र सचेत नागरिकको हैसियतले जनसरोकारका सार्वजनिक विषयमा जनतालाई सचेत बनाउने, जनताको पक्षमा सार्वजनिक रुपमा बोल्ने, सरकारी अधिकारीहरुले अख्तियारको दुरुपयोग गरी नागरिकलाई दुःख दिने, सरकारी सेवालाई कानूनअनुसार प्रवाह नगर्ने प्रवृत्तिका विरुद्धमा निरन्तर आवाज उठाउँदै आएको छु । म सवारी चालक अनुमति पत्र लिनको लागि योग्य व्यक्ति भएको र कानूनले योग्य ठहऱ्याएका

मस्यौदाकार : अधिवक्ता विमल पोखरेल, प्रमाणपत्र नं. १७५००

हजारौं व्यक्तिहरु कानूनअनुसार चालक अनुमतिपत्र प्राप्त गर्नबाट बञ्चित भएको कारणले मलगायत सबैलाई कानूनले तोकेबमोजिमको प्रयोगात्मक परीक्षामार्फत् चालक अनुमतिपत्र दिइने कुरा कानूनमा प्रष्टसँग व्यवस्था गरिएकोले त्यसैबमोजिम प्रयोगात्मक परीक्षा लिई अंक दिई सवारी चालक अनुमतिपत्र दिनुपर्ने माग गरेको छु ।

२. देशमा यातायातको विकास तीब्र रुपले हुँदै गएको छ । यातायातका साधनहरुको उपयोग विना मान्छेको जीवन कल्पना भन्दा बाहिरको भइसकेको छ । यातायातका साधनहरु कानूनअनुसार सञ्चालन गर्नुपर्ने आवश्यकता हुने गर्दछ । देशमा निजी, संस्थान, सार्वजनिक तथा कुटनीतिक आदि प्रयोजनको लागि यातायातका साधनहरु दर्ता तथा सञ्चालन भइरहेका छन् । व्यवस्थित र सुरक्षित तरिकाले यातायातका साधनहरु सञ्चालन गर्नको लागि सवारी चालकहरुको भूमिका निकै महत्वपूणर् हुन्छ । यातायात क्षेत्रलाई व्यवस्थित र सुरक्षित बनाउनको लागि सवारी चालकहरुलाई लाइसेन्स दिने, तालिमहरु दिने, नैतिक शिक्षा प्रदान गर्ने, ट्राफिक नियमहरु पालना गराउने, जिम्मेवार र जवाफदेही भएर सवारी साधन चलाउने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो ।

३. सवारी साधनसम्बन्धी विभिन्न व्यवस्था र सवारी चालक अनुमति पत्र दिने, सवारी दुर्घघना रोकथाम गर्न, दुर्घटनाबाट पीडित पक्षलाई क्षतिपूर्ति दिलाउन, बीमा व्यवस्था गर्न र सर्वसाधारण जनतालाई सुलभ ढंगबाट यातायात सेवा उपलब्ध गराउन कारवाही गर्ने र यातायात क्षेत्रलाई व्यवस्थित, यातायात सेवालाई सुदृढ, सक्षम तथा प्रभावकारी बनाउन सवारी तथा यातायात व्यवस्था ऐन २०४९ निर्माण गरी लागु गरिएको छ । त्यसै ऐनको दफा ४९ मा भएको व्यवस्था अनुसार सवारी चालक अनुमतिपत्रको लागि लिइने परीक्षलाई वस्तुपरक, पूर्वानुमानयोग्य र व्यवस्थित बनाउन यातायात व्यवस्था विभागबाट 'सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका २०७७' जारी गरिएको छ । उक्त निर्देशिकाको दफा ४, ५, ६, ७, ९, १०, ११ र १३ समेतका आधारमा सवारी चालक अनुमतिपत्र दिइनुपर्नेमा देशका गण्डकी, लुम्बिनी, एक नम्बर र सुदुरपश्चिम प्रदेशमा मात्रै निर्देशिकाबमोजिमको व्यवस्था लागु गरिएको छ । निर्देशिकाको दफा १ (२) बमोजिम नेपालभर लागु गर्ने व्यवस्था गरिए पनि त्यसो नगरी परीक्षा प्रणालीलाई गैरकानूनी, अपारदर्शी र विभेदयुक्त बनाइएको छ ।

४. सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका लागु गरिएका गण्डकी, लुम्बिनी, एक नम्बर र सुदुरपश्चिम प्रदेशमा पशिक्षार्थीहरुले ७० अंक प्राप्त गरेको आधारमा प्रयोगात्मक परीक्षा उतीणर् गरी सवारी चालक अनुमतिपत्र प्राप्त गर्दछन् । बागमती, मधेस र कणर्ाली प्रदेशमा कार्यविधि निर्देशिका लागु नगरिएका कारण प्रशिक्षार्थीहरु कार्यविधिले तोकेको मापदण्डअनुसार उतीणर् भए पनि प्रशिक्षर्थीहरुलाई अनुतीणर् गराइएको छ । यसले हजारौं प्रशिक्षार्थीहरुलाई प्रत्यक्ष असर पुगेको छ भने उनीहरुको दक्षताअनुसारको अनुमतिपत्र प्राप्त गर्ने अधिकारबाट बञ्चित हुनु परेको र पटक पटक प्रयोगात्मक परीक्षा दिनको लागि बाध्य बनाइएको छ । देशभर लागु हुनुपर्ने निर्देशिका चार वटा प्रदेशमा लागु हुने तर तीन वटा प्रदेशमा लागु नभएको कारण सवारी चालक अनुमतिपत्र लिने योग्यता र दक्षता पुगेका प्रशिक्षार्थीमाथि ठूलो विभेद र अन्याय भएको छ ।

५. निर्देशिकाको दफा ७ को १ मा गरिएको व्यवस्थाअनुसार मोटरसाइकल, स्कुटर, मोपेडको प्रयोगात्मक परीक्षामा अनुसूचि ५ अनुसार विभिन्न चरणहरुको अंक विभाजान गरेर अंक दिई ७० अंक प्राप्त गर्ने व्यक्तिलाई उतीणर्

मान्नुपर्ने व्यवस्था गरिएको छ । त्यस्तै दफा ७ को २ मा गरिएको व्यवस्था अनुसार कार, जीप, भ्यानको प्रयोगात्मक परीक्षामा अनुसूचि ६ अनुसार विभिन्न चरणहरुको अंक विभाजन गरी ७० अंक प्राप्त गर्ने प्रशिक्षार्थीहरुलाई अनुमतिपत्र दिइनुपर्ने व्यवस्था गरिएको छ । मधेस, बागमती र कणर्ाली प्रदेशमा निर्देशिका लागु नगर्दा ७० अंक प्राप्त गर्ने हजारौं प्रशिक्षार्थीहरु अनुतीणर् हुने गरेका छन् । अनुसूची ५ अनुसार वर्ग ‘क’ र ‘ट’ वर्गका सवारी साधनका लागि एक पटकसम्म अंकित रेखा छोएमा ५ अंक, एक पटकसम्म खुट्टाले भुइँमा टेकेमा ५ अंक, टर्निङ इन्डिकेटर लाइट नबालेमा १० अंक, ट्राफिक संकेत पालना नगरेमा १५ अंक, उबडखाबडमा एक पटकसम्म खुट्टाले भुइँमा टेकेमा ५ अंक, उबडखाबडमा एक पटकसम्म सवारीको स्टार्ट बन्द भएमा ५ अंक घटाइने व्यवस्था गरिएको छ । अनुसूचि ६ अनुसार वर्ग ‘ख’ का सवारी साधनका लागि दुई पटकसम्म अंकित रेखा छोएमा प्रत्येक पटक ५ अंक, एक पटकसम्म सवारीको स्टार्ट बन्द भएमा ५ अंक, टर्निङ इन्डिकेटर लाइन नबालेमा १० अंक, ट्राफिक संकेतको पालना नगरेमा १५ अंक, सवारीलाई पछाडि गुडाउने क्रममा एक पटकसम्म अगाडि सारेमा १०, सवारी चलाउनुपूर्व सवारीको ब्रेक, टायर र ऐनाहरुको सामान्य निरीक्षण नगरेमा ३, सिट बेल्ट नलगाई सवारी चलाएमा ४ र अस्वभाविक गतितमा वा असंयमित रुपमा सवारी चलाएमा ३ अंक घटाउने व्यवस्था गरिएको छ । निर्देशिकाको दफा ७, ८ र ९ तथा तीसँग सम्बन्धित अनुसूचि ५ र ६ मा गरिएको मूल्यांकन प्रणाली लागु नगरी गैरकानूनी मूल्यांकन प्रणाली अपनाइएको कारण हजारौं प्रशिक्षार्थीहरुलाई प्रत्यक्ष असर परेको छ र दक्ष व्यक्तिलाई अदक्ष बनाइएको छ । प्रशिक्षार्थीहरुको आर्थिक, मानसिक र समयको बर्बादी भएको छ । गैरकानूनी मूल्यांकन प्रणालीबाट जबर्जस्ती असफल गराइएका प्रशिक्षार्थीहरुलाई निजी क्षेत्रबाट खोलिएका ड्राइभिङ सिकाई केन्द्रहरुले ठूलो धनराशी लिएर कैयौं पटक प्रयोगात्मक अभ्यास गराउने नाममा प्रति घण्टा एक हजार रुपैयाँसम्म महंगो शुल्क लिएर लुट मच्याइरहेका छन् । जति पटक अनुतीर्ण गराइयो, त्यति नै पटक सिकाई केन्द्र धाउनको लागि प्रशिक्षार्थी बाध्य हुने गर्दछ । एउटा उतीर्ण हुनुपर्ने प्रशिक्षार्थीलाई अनुतीर्ण गराइँदा यी तीन प्रदेशका ड्राइभिङ सिकाई केन्द्रहरुले दैनिक करोडौं र यातायात व्यवस्था कार्यालयको प्रयोगात्मक परीक्षा लिने केन्द्रहरुले दैनिक लाखौं ठगी गरिरहेका छन् । काठमाडौं उपत्यकामा यातायात व्यवस्था कार्यालयको आफ्नै प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने स्थल रहेका छैनन् । सानो भ¥याङ, चाबहिल, एकान्तकुना र भक्तपुरमा निजी क्षेत्रबाट प्रयोगात्मक परीक्षा स्थल प्रयोग गरेवापत हरेक पटक कार, जीप र भ्यानको ५ सय ९५ रुपैयाँ तथा मोटरसाइकल, स्कुटर र मोपेडको ३ सय ३० रुपैयाँ लिने गरिएको छ । निर्देशिकाको दफा १४ र १५ को मापदण्ड पुगेका आफ्ना निजी सवारी साधनमार्फत् ट्रायल लिनसमेत बन्देज गरिएको छ । निजी क्षेत्रका ट्रायल सेन्टरहरुले महंगो शुल्क लिने गरेका कारण प्रशिक्षार्थीहरु ठूलो मारमा परेका छन् । निजी क्षेत्रका ट्रायल सेन्टरहरुलाई पोस्नको लागि, तिनीहरुलाई महंगो शुल्क असुल गर्नको लागि प्रशिक्षार्थीका मापदण्ड पगेका सवारी साधनहरुलाई ट्रायलमा रोक लगाइएको देखिन्छ ।

५. विद्यमान कानूनअनुसार मूल्यांकन नहुँदा विगतमा दशौं हजार प्रशिक्षार्थीमाथि अन्याय भएको छ भने आगामी दिनमा पनि त्यसरी नै अन्याय हुने निश्चित देखिएको छ । दैनिक हजारौं प्रशिक्षार्थीहरु विभिन्न केन्द्रहरुमा प्रयोगात्मक परीक्षामा सहभागी हुने गर्दछन् । प्रयोगात्मक परीक्षामा कानून विपरीत मूल्यांकन हुने र त्यसबाट मलगायत सम्पूर्ण प्रशिक्षार्थीहरुको गलत मूल्यांकन भई आर्थिक, मानसिक र अमूल्य समयको क्षति हुने भएको निश्चित भएको छ । यातायात व्यवस्थापन कार्यविधि २०७४ र सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ गैरकानूनी भइसकेको हुनाले त्यस अनुसार भइरहेको परीक्षा सञ्चालमा रोक लगाई ‘सवारी चालक अनुमतिपत्र

परीक्षा सञ्चालन कार्यविधि निर्देशिका २०७७' को दफा ४, ५, ६, ७, ९, १०, ११ र १३ समेतका आधारमा प्रयोगात्मक परीक्षाको मूल्यांकन गरी परीक्षाफल प्रकाशित गरी सवारी चालक अनुमतिपत्र दिने व्यवस्था गर्नको लागि विपक्षीहरुको नाममा परमादेश जारी गरी पाउँ ।

६. यातायात व्यवस्था कार्यालयहरुले यातायात व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद ४ मा व्यवस्था गरिएको सवारी चालक अनुमतिपत्र वितरणसम्बन्धी कार्यविधि र सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका २०७४ को आधारमा सवारी चालक अनुमतिपत्र वितरण गरिएको छ । ती कार्यविधि र निर्देशिकाहरु नयाँ कार्यविधि निर्देशिका लागु गरिएपछि गैरकानूनी भइसकेका छन् । गैरकानूनी मापदण्डका आधारमा अहिलेसम्म पनि लगातार प्रयोगात्मक परीक्षा सञ्चालन भइरहेका छन् । मेरो प्रयोगात्मक परीक्षा २०७९ साल भदौ ९ गते भएको र उक्त दिन मलगायत सयौं परीक्षार्थीहरुले प्रयोगात्मक परीक्षाको मिति लिइसकेको र त्यसपछि पनि लगातार प्रशिक्षार्थीहरुले प्रयोगात्मक परीक्षा दिइरहने हुनाले उक्त गैरकानूनी मूल्यांकन प्रणालीमाथि रोक लगाई 'सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका २०७७'मा गरिएको व्यवस्थाअनुसार प्रशिक्षार्थीहरुको प्रयोगात्मक परीक्षा लिई त्यसैअनुसाार मूल्यांकन गरी सवारी चालक अनुमतिपत्र प्रदान गर्नको लागि विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिपाउँ ।

७. यो रिट निवेदन विशेष प्रकृतिको एवम् म निवेदकलगायत सवारी चालक अनुमतिपत्र लिन पर्खिरहेका हजारौं प्रशिक्षार्थीहरुको प्रत्यक्ष सरोकार भएको विषय हो । यसको निकास छिटो भन्दा छिटो हुनुपर्ने र त्यसो नभएमा कानूनको बर्खिलाप हुने, देशभर एउटै व्यवस्था लागु नहुने, दशौं हजार प्रशिक्षार्थीहरु आर्थिक, मानसिक मारमा पर्ने र कानूनले तोकेको प्रयोगात्मक परीक्षा उर्तीण गर्दादै पनि सवारी चालक अनुमति प्राप्त गर्न बञ्चित हुने भएकाले यस रिट निवेदनलाई अग्राधिकारमा राखी यसको तहकिकात गरी पाउँ ।

८. निवेदन दर्तापछि मेरो तर्फबाट बहसपैरवी गर्नुहुने कानुन व्यवसायीको बहस हुँदा यसै निवेदनको अङ्ग मानीपाउँ ।

९. संलग्न प्रमाण कागज

क. नागरिकताको प्रतिलिपि

ख. प्रयोगात्मक परीक्षाको सेड्युल तथा अनुमति पत्रको प्रतिलिपि

ग. परीक्षा तालिका प्रकाशन गरिएको सूचनाको प्रतिलिपि

घ. सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका २०७७

१०. यसमा लेखिएको व्यहोरा ठीक साँचो हो झुट्ठा ठहरे कानन वमोजिम सहुँला बुझाउँला ।

रिट निवेदक

विमलप्रसाद पोखरेल

इति सम्वत् २०७९ साल भदौ ७ गते रोज ३ शुभम्..................................................